म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २८७ बुधबार, २० जेठ २०८३ ने. सं. ११४६ अनलागा 3 June 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**बिल-बिजकको प्रयोग अनिवार्य गरौ।**

- हरेक खरिदमा अनिवार्य रूपमा बिल/रसिद मागौं,
- कानुनी रूपमा मान्य बिल-बिजक जारी गरौं,
- बिल बिना कारोबार नगर्ने/नगराउने बानी बसालौं,
- कर प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन सहयोग गरौं,
- उपभोक्ता अधिकार संरक्षणका लागि बिल सुरक्षित राखौं,
- कर छलि र अनियमितता अन्त्य गर्न सचेत बनौं,
- डिजिटल बिलिङ प्रणालीको प्रयोग बढाऔं,
- जिम्मेवार नागरिक भई इमानदारीपूर्वक कारोबार गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

### बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम बहुमतले पारित

# सरकारको नीति तथा कार्यक्रम गाँजर जस्तो: मुख्यमन्त्री बानियाँ

मनिल महतो

हेटौंडा, १९ जेठ/ बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत गरेको वार्षिक नीति तथा कार्यक्रम प्रदेशसभाबाट बहुमतले पारित भएको छ ।

मंगलबार बसेको प्रदेश सभा बैठकमा उपसभामुख अप्सरा चापागाईले नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गरेपछि बहुमत सदस्यको समर्थनमा प्रस्ताव पारित भएको हो । नीति तथा कार्यक्रम माथि प्रदेशसभा सदस्य रत्न ढकाल, युवराज चौलागाई, सुष्मा भुजेल न्यौपाने र लक्ष्मी घिमिरेले दर्ता गराएका संशोधन प्रस्ताव भने बहुमतले अस्वीकृत भएका छन् । संशोधन प्रस्तावमाथिको निर्णयअघि मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले नीति तथा कार्यक्रममाथि उठाइएका प्रश्न तथा जिज्ञासाको जवाफ दिँदै सरकारका प्राथमिकता र आगामी बजेटको दिशाबारे स्पष्ट पारेका थिए ।

मुख्यमन्त्री बानियाँले प्रदेशसभामा भएको छलफललाई लोकतान्त्रिक अभ्यासको महत्वपूर्ण पक्षकारुपमा लिँदै सांसदहरुले दिएका सुझाव र टिप्पणीलाई सरकारले सकारात्मकरूपमा ग्रहण गर्ने बताए । उद्योग, पर्यटन, कृषि, खेलकुद, पूर्वाधार तथा रोजगारीसँग सम्बन्धित नीतिलाई विशेष प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम तयार गरिएको उनको भनाइ थियो । नीति तथा कार्यक्रम सिद्धान्त, प्राथमिकता र प्रदेशको आवश्यकताअनुसार तयार गरिएको उल्लेख गर्दै उनले सोही आधारमा आगामी बजेट पनि निर्माण गरिने विश्वास व्यक्त गरे ।

नीति तथा कार्यक्रममा समावेश हुन नसकेका कतिपय योजना बजेटमार्फत् सम्बोधन गरिने जानकारी दिँदै उनले दलित सशक्तीकरण सम्बन्धी केही कार्यक्रम बुँदागतरुपमा छुटे पनि बजेटमार्फत् आवश्यक रकम विनियोजन गरिने प्रतिबद्धता व्यक्त गरे । मुख्यमन्त्री बानियाँले प्रतिपक्षी दलको विश्वासमाथि कुनै प्रकारको घात नहुने गरी साझा र समावेशी बजेट ल्याइने उद्घोष गरे ।



प्रतिपक्षबाट आएका रचनात्मक सुझाव र संशोधन प्रस्तावका विषयलाई पनि बजेट निर्माणका क्रममा समेट्ने आश्वासन उनले दिए ।

संसदमा मुख्यमन्त्री बानियाँले प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई 'खरभुजा जस्तो नभई गाँजर जस्तो' बनाइने टिप्पणी गरे । उनले विगतमा जस्तो सांसदबीच बजेट वितरणमा विभेद नहुने र सबै निर्वाचन क्षेत्रलाई समान दृष्टिकोणबाट हेर्ने स्पष्ट पारे । प्रदेशको विकास र नागरिकको जीवनस्तर उकास्ने गरी 'गरिखाने' प्रकृतिको नीति तथा कार्यक्रम कार्यान्वयन गरिने उनको भनाइ थियो । प्रदेश सरकारले गत जेठ १२ गते सुशासन, उत्पादन, रोजगारी, सामाजिक न्याय तथा पूर्वाधार विकासलाई केन्द्रमा राख्दै ८३ बुँदे वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गरेको थियो । अब प्रदेश सरकारले असार १ गते आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्ने तयारी गरेको छ ।

'गरिबले गरिखाने प्रदेश: बागमती प्रदेश' तथा 'सुखी नागरिक, समृद्ध बागमती' भन्ने दीर्घकालीन लक्ष्यसहित ल्याइएको नीति तथा कार्यक्रममा कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, पर्यटन, सूचनाप्रविधि, वातावरण संरक्षण तथा सार्वजनिक सेवा सुधारका महत्वाकांक्षी कार्यक्रम समेटिएका छन् । सुशासन र सेवाप्रवाह सुधारलाई विशेष प्राथमिकतामा राख्दै सरकारले सरकारी सेवालाई थप डिजिटल, पारदर्शी र नागरिकमैत्री बनाउने नीति लिएको छ । यसअन्तर्गत 'हेलो सीएम डेस्क', अनलाइन ट्र्याकिङ प्रणाली, केन्द्रीय डाटा सर्भर तथा मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम सञ्चालन गरिनेछ । मन्त्रालयको संख्या घटाएर आठमा सीमित गर्ने तथा सार्वजनिक खर्चमा मितव्ययिता अपनाउने नीति पनि सरकारले अघि सारेको छ ।

उद्योग, व्यापार तथा लगानी प्रवर्द्धनका लागि एकद्वार प्रणाली लागू गरिने भएको छ । महिला तथा युवालाई सीप, उद्यमशीलता र रोजगारीसँग जोड्ने कार्यक्रम सञ्चालन गरिनेछ भने स्थानीय उत्पादनको ब्रान्डिङ, बजार व्यवस्थापन तथा साना तथा घरेलु उद्योगको प्रवर्द्धनमा जोड दिइने नीति लिइएको छ । कृषिक्षेत्रलाई उत्पादनमुखी र व्यावसायिक बनाउने लक्ष्यसहित कृषि आधुनिकीकरण, बाली तथा पशुधन बीमाको विस्तार, सहुलियतपूर्ण कृषिकर्जा तथा कृषि उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ । कानुनी व्यवस्था मिलाएर व्यावसायिक गाँजाखेती सञ्चालन गर्ने तयारीलाई पनि नीति तथा कार्यक्रममा समावेश गरिएको छ, जसलाई प्रदेशको सम्भावित आयस्रोत र रोजगार सिर्जनासँग जोडेर हेरिएको छ ।

पूर्वाधार विकासतर्फ प्रदेश राजधानी हेटौंडालाई आधुनिक र व्यवस्थित सहरकारुपमा विकास गर्ने लक्ष्य राखिएको छ । साइकल लेन, पैदलमार्ग, नदी कोरिडोर तथा सांस्कृतिकग्राम निर्माणका योजना अघि सारिएका छन् । साथै प्रदेशसभा भवन, प्रशासनिक भवन तथा सरकारी आवास निर्माणको काम सुरु गरिने उल्लेख गरिएको छ । स्वास्थ्यक्षेत्रमा डिजिटल स्वास्थ्यसेवा, टेलिमेडिसिन, विशेषज्ञ स्वास्थ्यसेवा विस्तार तथा जोखिमयुक्त गर्भवती र सुत्केरी महिलाको नि:शुल्क हवाई उद्दार कार्यक्रमलाई निरन्तरता दिइने भएको छ । शिक्षाक्षेत्रमा प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार, स्टिम तथा सूचनाप्रविधि विद्यालय स्थापना, विद्यार्थी ह्याकाथन तथा आईटी स्किल फेलोसिप कार्यक्रम सञ्चालन गरिने नीति लिइएको छ ।

पर्यटन प्रवर्द्धनका लागि 'घुमौँ बागमती, बुझौँ संस्कृति' अभियान सञ्चालन गरिनेछ । प्रदेशका प्रत्येक निर्वाचन क्षेत्रमा कम्तिमा एक प्रमुख पर्यटकीय गन्तव्य विकास गर्ने लक्ष्यसमेत सरकारले निर्धारण गरेको छ । खेलकुद पूर्वाधार विस्तार, वन तथा जैविक विविधता संरक्षण, हरित रोजगारी सिर्जना, सहकारी क्षेत्र सुधार तथा विपद् व्यवस्थापनलाई पनि उच्च प्राथमिकतामा राखिएको छ । प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम प्रदेशको आर्थिक उत्पादन वृद्धि, रोजगारी सिर्जना, सुशासन प्रवर्द्धन तथा पूर्वाधार विकासलाई केन्द्रमा राखेर तयार गरिएको दाबी गरेको छ । प्रदेश सरकारले असार १ गते बजेट ल्याउने भएको छ ।

# हेटौंडाको भविष्य उज्ज्वल: प्रदेशप्रमुख देवकोटा

साझाकुरा संवाददाता

हेटौंडा, १९ जेठ/ बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले हेटौंडा मुलुकको मध्यभागमा रहेको महत्वपूर्ण सहर भएकाले यसको भविष्य उज्ज्वल रहेको बताएका छन् ।

हेटौंडा उपमहानगर पालिकाद्वारा आयोजित 'समृद्ध हेटौंडा बहस' कार्यक्रमको सोमबार उद्घाटन गर्दै प्रदेशप्रमुख देवकोटाले प्राकृतिक रुपमा मनोरम रहेको हेटौंडालाई सबै मिलेर वातावरणमैत्री र आकर्षक सहर बनाउन आग्रह गरे ।

समृद्ध हेटौंडा निर्माण गर्न सबै क्षेत्रको सहयोग आवश्यक पर्ने उनको तर्क थियो । कार्यक्रममा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोर मणि पौडेलले पालिकाहरु नागरिकले देख्ने र भेट्ने सरकार भएकाले पालिकाको जनप्रतिनिधि आग्रह र पूर्वाग्रहमुक्त हुनुपर्ने बताए । मुलुकमा सुशासन कायम गर्न सबैभन्दा पहिला जनप्रतिनिधि नै अनुशासित र मर्यादित हुनुपर्ने कुरामा उनले जोड दिए ।



हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको सभापतित्वमा संचालित बहस कार्यक्रमको उद्घाटन कार्यक्रममा प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले आफ्ना विचार व्यक्त गरेका थिए । 'समृद्ध हेटौंडा बहस' अन्तर्गत पहिलो सत्रमा 'स्थानीय सरकार : जनअपेक्षा, सुशासन र आगामी कार्यदिशा' शीर्षकमा बहस गरिएको थियो । बहसमा ललितपुर महानगर पालिका प्रमुख चिरिबाबु महर्जन, पोखरा महानगरपालिका प्रमुख धनराज आचार्य, हेटौंडा उपमहानगरपालिका प्रमुख लामा र भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामाले धारणा राखेका थिए ।

सञ्चारकर्मी राजेन्द्र बानियाँले संचालन गरेको सत्रका सहभागीले हेटौंडा उपमहानगर पालिकालाई समृद्ध बनाउन सकिने विचार व्यक्त गरेका थिए । यसैगरी हेटौंडाकोविकास र अबको प्राथमिकताको विषयमा पूर्वसचिव किशोर थापा, सहरीविज्ञ डा. कीर्तिकुसुम जोशी र हेटौंडा नगरउपप्रमुख राजेश बानियाँले धारणा राखेका थिए । कार्यक्रममा सहजकर्ताको भूमिका संचारकर्मी सुगरिका केसीले गरेकी थिइन् ।

'समृद्ध हेटौंडा बहस' मा 'स्थानीय सरकार : जनअपेक्षा, सुशासन र आगामी कार्यदिशा', 'सिर्जनशील हेटौंडा : संघर्ष, उद्यम र उडान', 'हेटौंडाको विकास र अबको प्राथमिकता' एवम् 'सुसंस्कृत, समावेशी र आवासीय सहर' शीर्षक गरी चारवटा विषयमा बहस गरिएको थियो । बहसमा जनप्रतिनिधि, विज्ञ तथा सरोकारवालाको सहभागिता थियो ।

## हेटौंडाको नगरसभा असार ७ गते

साझाकुरा संवाददाता

हेटौंडा, १९ जेठ/हेटौंडा उपमहानगरपालिकाले असार ७ गते आइतबार नगरसभा बोलाउने भएको छ । उपमहानगर कार्यपालिकाको ८३ औं बैठकले असार ७ गते १९ औं नगर अधिवेशन गर्ने निर्णय गरेको हो ।

बैठकले आर्थिक वर्ष २०८२/८३ को हालसम्म कुल अनुमानित आयतर्फ संघीय सरकारबाट प्राप्त अनुदान, प्रदेश सरकारबाट प्राप्त अनुदान र आन्तरिक श्रोत गरी १ अर्ब ७८ करोड २३ लाख ६६ हजार रुपैयाँ अर्थात ६०.७२ प्रतिशत आम्दानी भएको र व्ययतर्फ १ अर्ब २७ करोड ३६ लाख ७९ हजार अर्थात ४३.३९ प्रतिशत खर्च भएको जनाएको छ । यसअघिको बैशाख गतेको ८२ औं नगर कार्यपालिका बैठकबाट भएका निर्णयको कार्यान्वयनका सम्बन्धमा समीक्षा गर्दै बाँकी काम शीघ्र कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरिएको नगरप्रवक्ता सबिन न्यौपानेले जानकारी दिएका छन् ।






साझाकुरा

## हाम्रो कुरा

# लागुऔषध: देखावटी सफलता र अदृष्य जालो

जिल्ला प्रहरी कार्यालय मकवानपुरले पछिल्लो तीन दिनमा १३ जनालाई लागुऔषधसहित पक्राउ गरेको समाचार सार्वजनिक भयो । जेठ १५ देखि १७ गतेसम्म सञ्चालन गरिएको विशेष सुरक्षा जाँच र खानतलासीबाट ब्राउनसुगर (खैरोहेरोइन), चरेस, गाँजा र ट्रामाडोल क्याप्सुलजस्ता प्रतिबन्धित पदार्थ बरामद भएको भनाइले पहिलो दृष्टिमा प्रहरीको सक्रियता र तत्परताको संकेत गर्छ । तर, यसलाई उपलब्धिको सूचीमा मात्रै राखेर आत्मसन्तुष्टि मान्नु भने जोखिमपूर्ण छ, किनकि यो सफलता सतहमा देखिने मात्र हो–यसको भित्र अदृष्य तर, गहिरो जालो ज्यूँका त्यूँ छ । लागुऔषध कारोबार कुनै एक-दुई व्यक्तिको सनक होइन । यो संरक्षित, संगठित र बहुआयामिक रुपमा निक्कै चलाखीपूर्ण रुपमा भइरहेको अपराध हो । सडकमा समातिने अधिकांश व्यक्ति सेवनकर्ता वा भरिया हुन्–जसले थोरै पैसाको लोभ, नशाको निर्भरता वा दबाबमा सानो भूमिका निभाइरहेका हुन्छन् । यिनैलाई पक्राउ गर्नु सजिलो हुन्छ, किनकि उनीहरु खुलाबजारमा, चोक-गल्लीमा भेटिन्छन् ।

तर, वास्तविक समस्या त्यहाँ होइन । समस्या त पर्दापछाडिका 'फाइनान्सर', 'डिस्ट्रिब्युटर' र 'प्रोटेक्टर' हुन्, जो सुरक्षित घर, नेटवर्क र प्रभावशाली पहुँचभित्र बसेर कारोबार चलाइरहेका हुनसक्छन् । पक्राउको संख्या बढ्नु आफैंमा अन्तिम लक्ष्य होइन । यदि हरेक कारबाहीपछि उही प्रकृतिका व्यक्ति समातिँदै जान्छन् र मुख्य कारोबारी कानुनी दायराभन्दा बाहिरै रहन्छन् भने यो प्रणालीगत कमजोरीको संकेत हो । संगठित अपराधविरुद्धको लडाइँमा 'लो-हृयाङ्गिङ फ्रुट' मात्र टिपेर जित भएको दाबीगर्नु भ्रम हो । वास्तविक सफलता त तब हुन्छ, जब आपूर्ति शृंखला भत्किन्छ, आर्थिक प्रवाह रोकिन्छ र संरक्षण दिने संरचना उजागर हुन्छ । हामीले मकवानपुरमा लागूऔषध कारोबारीको समाचार लेख्न थालेको निकै लामो समय भइसकेको छ तर, अहिलेसम्म पनि भरिया र प्रयोगकर्ता मात्र समातिनुको पछाडिको रहस्य बुझ्न अलिक कठिन छ । समाजमा फैलिएको अर्को गम्भीर समस्या अदृष्य घटनाहरु हुन्–पक्राउ नपर्ने, उजुरी नपुग्ने, वा मिलेमतोका कारण दबिने अपराध । लागुऔषधको कारोबार सधैं देखिने ठाउँमा हुँदैन । यो घर भित्र, पार्कभित्र, अनलाइन सम्पर्क, विश्वासको सञ्जालमार्फत् चल्छ । यहाँ प्रहरी-प्रशासनको क्षमता मात्र होइन, इच्छाशक्ति र समन्वय पनि परीक्षामा पर्छ । सूचनामा आधारित अनुसन्धान (इन्टेलिजेन्स-लेड पोलिसिङ), डिजिटल फरेन्सिक, वित्तीय निगरानी र अन्तर-एजेन्सी सहकार्यबिना यो जालो काटिन सक्दैन । केवल दमनात्मक उपायले दीर्घकालीन समाधान दिनेवाला छैन । सेवनकर्तालाई अपराधीको हैसियतमा मात्र हेर्ने दृष्टिकोणले पुनरावृत्ति बढाउँछ । पुनर्स्थापना, उपचार र परामर्शलाई कानुनी प्रक्रियासँग सन्तुलनमा राख्नुपर्छ । भरियालाई प्रयोग गर्ने मुख्य नेटवर्क ध्वस्त नगरी भरियालाई मात्र जेल पठाउनु सामाजिक न्याय पनि होइन, प्रभावकारी नीति पनि होइन । यसले अपराधलाई भूमिगत बनाउँछ, न कि समाप्त । यहाँ राजनीतिक र सामाजिक जिम्मेवारी पनि जोडिन्छ ।

लागुऔषध कारोबारले होनहार युवा जनशक्ति खोस्छ, परिवार विघटन गर्छ र स्थानीय अर्थतन्त्रलाई विकृत बनाउँछ । राज्यले स्थानीय तह, विद्यालय, अभिभावक, नागरिकसमाज र मिडियाको भूमिकालाई समन्वित बनाउनु अपरिहार्य छ । सूचनाको आदान-प्रदान, सुरक्षित उजुरीप्रणाली, साक्षी संरक्षणजस्ता उपायबिना ठूलामाछा समात्ने सम्भावना न्यून रहन्छ । प्रश्न पक्राउ कति भए ? भन्ने होइन, प्रश्न के राज्यको प्रणालीले जरो समातेको छ कि छैन भन्ने हो । जबसम्म मुख्य कारोबारीहरु कानुनी कठघरामा आउँदैनन्, तबसम्म यस्तो कारबाही 'देखावटी सफलता'मै सीमित रहन्छ । प्रहरीको सक्रियता स्वागतयोग्य छ तर, त्यसलाई परिणाममुखी बनाउन नीतिगत सुधार, प्रविधि, समन्वय र सामाजिक दृष्टिकोणको रुपान्तरण अनिवार्य छ । लागुऔषधविरुद्धको युद्द जित्न सतह होइन, जरा काट्नुपर्छ–नत्र अदृष्य जालो झन् मजबुत हुँदै जानेछ । यतिबेला राज्यको ईन्टेलिजेन्स राजनीतिक दलको दबाबमुक्तको अवस्थामा छ । प्रहरी प्रशासनले चाहेको खण्डमा तस्करीका नाइके पक्राउ गर्न राजनीतिक दलले रोक्ने प्रयास गर्नेवाला छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ जेठ २१ गते बिहीबार ४ जुन २०२६ । चतुर्थी, जेठ कृष्णपक्ष । अनलागा ११४६ ने.सं. । सूर्योदय ५:१० सूर्यास्त ६:५५। जातीय भेदभाव तथा छुवाछूत उन्मूलन दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : विवाद हुन सक्ने | तुला | : व्यापारबाट फाइदा हुनेछ |
| वृष | : मनलाई नियन्त्रण गर्नुपर्नेछ | वृश्चिक | : मन प्रशन्न हुने देखिन्छ |
| मिथुन | : आफन्तको सहयोग मिल्नेछ | धनु | : नयाँ काम गर्न जागर आउनेछ |
| कर्कट | : यात्राको लागि राम्रो समय छ | मकर | : बोल्दा विचार पुऱ्याउनु पर्नेछ |
| सिंह | : सोचेजस्तो सहयोग मिल्नेछैन | कुम्भ | : पढाइमा सहयोग मिल्नेछ |
| कन्या | : समय पूजापाठमा बित्नेछ | मीन | : रिसाउने बानीले हानि पुग्नेछ |

# बजेट बक्तव्यमा विद्यालय कर्मचारी, राहत र ईसिडि शिक्षक नअटाएकै हो त ?



✍ रमेश प्रसाद लामिछाने
हेटौंडा, मकवानपुर

राहत अनुदानमा कार्यरत शिक्षकहरुले पेशागत स्थायित्वको मुद्दा लडिरहेको दशक वर्ष नाघिसकेको छ । शिक्षक आन्दोलन नभएको वर्ष छैन । हरेक आन्दोलन सम्झौतामा टुंगिएको छ । कहिले जुलुश, कहिले अनशन अनि कहिले ऱ्याली र कहिले विद्यालय बन्दका कार्यक्रमहरु अब सामान्य बनिसके । संघीय राजधानीमा प्रदर्शन गरे सरकारले सुन्ला र समस्याको समाधान चाँडै होला भन्ने मनसाय पनि देखियो । ज्ञापन पत्र पेश गर्ने र डेलीगेशन जाने कुरा त झनै परम्परागत साबित भै सकेका छन् । यो प्रकृतिका राहत अनुदानमा कार्यरत शिक्षकहरु मुलुकभरमा करिब ४०,००० नाघेका छन् भनिएको छ । त्यसै गरि ईसिडि शिक्षक अर्थात बालविकास सहजकर्ताहरु पनि करिब ३५,००० जना कार्यरत छन् भनिएको छ ।

यो संगै तत्कालिन उच्च माध्यमिक दरबन्दिमा नियुक्त भएका शिक्षकहरु पनि करिब ४,००० भन्दा माथि भएको भनिएको छ । त्यसै गरि विद्यालयमा लेखा कर्मचारी र कार्यालय सहायकहरुको संख्या पनि करिब ३०,००० भन्दा माथि नै भएको बुझिन्छ । यी सबैजना पेशागत स्थायित्वको माग राख्दै सरकारसंग विभिन्न चरणमा आन्दोलित हुँदै आईरहेका छन् । यी मध्ये धेरैजसोको सेवा अवधि १० वर्ष भन्दा माथि छ । कतिपयले यो अवधिमा शिक्षक सेवा आयोगको परीक्षा उत्तीर्ण गरि स्थायी नियुक्ती बुझिसकेका छन् । संगै उक्त रिक्त पदमा नियुक्त नयाँहरु थपिने हुनाले कूल संख्यामा प्रभाव नपरेको हो ।

सरकार बदलिएको केहि दिनमै शिक्षक र विद्यालय कर्मचारीको डेलीगेशन मन्त्रालय पुग्छ । शिक्षकहरु समस्या राख्छन् । मन्त्रीले गम्भिर भएर सुन्छन् । समाधान गर्ने वचन दिन्छन् । आश्वासनले मक्ख परेर भेट्नेहरु फर्किन्छन् । ब्यवहारमा फेरबदल आउँदैन । फेरि निराश बनेर आन्दोलनको सहारा लिन पुग्छन् । सडकमा शिक्षकहरु देखेर सरकारले बल्ल सम्झे जस्तो गर्छ । बिचौलियाहरु सरकार र शिक्षकलाई वार्ता गराउने र आन्दोलन टुङ्याउने भूमिकामा सक्रिय हुन्छन् । सम्झौता हुन्छ । दुबै पक्ष सहमती जनाएर हस्ताक्षर गर्छन् । फेरि पनि शिक्षकहरु पर्खन्छन् । सरकार आफ्नै गतिमा चल्छ । शिक्षा मन्त्री नयाँ आउँछन् । शिक्षकहरु बिगतका सम्झौता र सहमती बोकेर मन्त्रालय देखि सडक सम्म हस्ताक्षर देखाउँदै हिंड्छन् ।

बिगत झैं आश्वासन दिन्छन् । काम भने केहि हुँदैंन । यस्ता सम्झौता बारम्बार गरिन्छन् तर कार्यान्वयन पटक्कै हुँदैंन । यो चक्र झैं चलिरहन्छ । यो चक्र निरन्तर घुमिरहेको वर्षौं भैसक्यो । सरकार फेरिन्छ, केहि हुन्छ कि भन्ने आशा पलाउँछ तर नतिजा शुन्य । मन्त्री फेरिन्छन्, अब त हल हुन्छ कि भन्दै शिक्षक उज्याला बन्छन्, फेरि उही चाल दोहोरिन्छ । उही प्रवृत्ती, उही नियत अनि उस्तै हेराई कहिल्यै फेरिएन । उल्टो स्कूल किन बन्द गरेको , हामी माग पूरा गर्नै लागेका थियौं , भनिन्छ । शिक्षा ऐनकै लागि यत्ति धेरै किन काठमाडौं आउनुपर्यो, यो त हामीले बुझेकै छौं, ऐन बनाईरहेकै छौं , पनि भनियो ।

राहत अनुदानका शिक्षकलाई दरबन्दिमा रुपान्तरण गर्दा राज्यलाई घाटा केहि छैन । तलब भत्ता अरु सरह दिएकै छ । आर्थिक भार रत्ति पनि देखिंदैंन । आयोगबाट स्थायी भए तोकिएका सुविधा त्यो पनि त जागिर छाडेपछि पाउने हो । योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धता पछिल्लो माग लिएर राहत अनुदानका शिक्षकहरु, विद्यालय कर्मचारीहरु, ईसिडि शिक्षकहरु आन्दोलित भए । यस्को ग्यारेन्टी शिक्षा ऐन मार्फत गरियोस् भने । यो भनाई सरकारलाई सहयोग गरेको भाव थियो । राजनीतिक पार्टीहरुका ढोका चहारे । अनुरोध, अनुनय, बिनय गरेकै हो । सरकारका तर्फबाट सकारात्मक आश्वासन पनि पाए । यो काम ठूलो पनि थिएन । मुलुक भरिका सरकारी तथा गैरसरकारी क्षेत्रमा कार्यरत अस्थायी प्रकृतिका तमाम कर्मचारी र मजदूरका लागि सामाजिक सुरक्षा कोषमा आवद्धता एक महत्वपूर्ण र जिम्मेवार सरकारका तर्फबाट प्रोत्साहन पनि हो । यो गर्नैपर्ने जिम्मेवारी मानिएको छ ।

कतिपय संस्थाहरु र स्थानियतहहरु आफैंले सामाजिक सुरक्षा कोषको अवधारणा बुझे र कार्यान्व्यनमा पनि गैसके । यो सकारात्मक र उदाहरणीय काम भन्नै पर्दछ । संस्थागत विद्यालयमा समेत कार्यरत शिक्षक कर्मचारीका हकमा पनि बजेट बक्तब्य मार्फत योगदानमा आधारित सामाजिक सुरक्षा कोषको आवद्धता सुनिश्चित गरिदिएको हरफ लेखी पढिदिएको भए एक प्रशंशनीय काम मानिन्थ्यो । रोजगारदाता भएकाले सरकारका तर्फबाट यो जिम्मेवारी पूरागर्नै पर्थ्यो । यो बजेटमा पक्कै सम्बोधन हुने कुरामा शिक्षक कर्मचारी करिब ढुक्कै थिए । बजेट बक्तब्य सुनिसकेपछि उनीहरुमा ब्यापक निराशा र आक्रोश उब्जिनुलाई अन्यथा भन्न सकिन्न ।

वर्षौं सम्म काम गरेर बिदा हुने दिन रित्तो निस्कनु पर्दाको पीडापूर्ण अवस्थालाई सरकारले बुझ्न नसक्नु हदैसम्मको हेपाहा प्रवृत्ति साबित हुन्छ नै । केहि पारिश्रमिक र भत्ता थपिनु भन्दा पनि पेशागत सुरक्षा, पेशाकर्मीले खोज्नुलाई स्वभाविक भन्नैपर्दछ । राजनीतिक कर्मीलाई सास रहेसम्म पद चाहिने तथ्यको अन्तर्यमा रहेको सार धेरैले बुझेको हुनुपर्छ । ईसिडि शिक्षक आवश्यक हैन भने यी किन राख्ने त ? अनि जरुरी छन् भने ब्यवस्थापन गर्ने जिम्मेवारी कुन सरकारको हो, किटानी गर्न पर्दैन ?

त्यस्तै, विद्यालय कर्मचारी चाहिन्छ पनि भन्ने अनि ब्यवस्थापन गर्नका लागि दुईचार शब्द लेख्न कन्जुस्याईं किन ? कि त विद्यालयको सरसफाई देखि घण्टी बजाउने काम समेत शिक्षकले नै गर्ने गरि तोक्नुपर्यो ? विद्यालयको आम्दानी खर्चको विवरण अर्थात लेखा राख्न पनि शिक्षक्लाई नै भन्ने हो भने लेखा कर्मचारी चाहिएन । हैन भने, वर्षौं देखि आन्दोलित लेखा कर्मचारीको ब्यवस्थापन गर्न पर्ने होईन ? कार्यालय सहायक र लेखा कर्मचारी सरकारी कार्यालयबाट खटाएर काममा लगाउने हो भने पनि ढिला गर्ने छुट छ र ? कि त प्रष्ट रुपमा स्थानिय तहले यो ब्यवस्था गर्नै पर्छ भनेर तोक्नु पर्यो वा प्रदेश सरकारको यो जिम्मेवारी हो भनि किटानी गर्दा पनि फरक पर्दैन । यहाँ सबाल बिरालोको रंग सेतो र कालो भन्ने हैन, मुसा मार्ने तर्फ लक्षित हुनुपर्छ ।

अन्तमा, बजेटमा उल्लेख नगरिएका तर नगरिनहुने प्रकृतिका कामहरुका लागि सरकारले जारि गर्ने निर्देशिका तथा बजेट बिस्तृतीकरणका परिपत्रहरु मार्फत पनि विद्यालय कर्मचारी, राहत र ईसिडि शिक्षकलाई सम्बोधन गर्न सकिन्छ । हुनत, शिक्षा ऐन नयाँ आउँदैं छ भनिएकाले सो ऐनमा नै उल्लेख गरि योगदानमा आधारित सामाजिक सुरक्षाकोषको आवद्धता किटानी भएमा उल्लेखित सबै प्रकारका शिक्षक तथा कर्मचारीहरुले आन्दोलनका नाममा फेरि सडकमा जान पर्दैनथ्यो । वर्षौं देखि उही माग राखेर शिक्षक कर्मचारी आन्दोलित हुने अवस्थाको अब अन्त हुनैपर्छ ।

सरकारले तोकेका बिदा दिन बाहेक शिक्षण संस्थाहरु बन्द भएको दिन देख्न नपरोस्, यो आम चाहना हो । आईतबार समेत बिदा हुँदा पर्न गएको शैक्षिक क्षतिका सबालमा समेत गम्भिर बनि पाठ्यक्रम र पाठ्यभारको परिमार्जन गरिनु जरुरी छ । अनुगमनका संयन्त्र नाम मात्रका हैन, स्थानिय तहमै भए पनि प्रभावकारी बनाईनु पर्छ । पेशागत सुरक्षा प्रदानका कार्यक्रममा संस्थागत विद्यालयमा कार्यरत सबै शिक्षक कर्मचारी पनि अनिवार्य जोड्ने गरि तोकिनु पर्दछ । आगामी आर्थिक वर्षबाट लागुहुने गरि बृद्धि गरिएको पारिश्रमिकलाई यहि कोषको आवद्धता गर्नेगरि थालनी गर्न पनि त सकिन्छ । उक्त कोषले आफ्ना सदस्यहरुलाई प्रदान गर्ने सुबिधामा सरकारको ब्ययभार हुँदैन । शिक्षा ऐन नियमावली जारि गर्दा वा बजेट कार्यान्वयन निर्देशिका पठाउँदा संघीय सरकारका तर्फबाट श्रम ऐनको पूर्ण कार्यान्वयन सहित सामाजिक सुरक्षा कोषको आवद्धता बारे सरकारका तर्फबाट सम्बोधनको अपेक्षा गरिएको छ ।

# बजेटको चिरफार: मध्यमवर्गलाई राहत, किसान र ग्रामीण अर्थतन्त्र उपेक्षित

✍ विनय मिश्र

सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि संघीय बजेट जेठ १५ मा प्रस्तुत गरेको छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रस्तुत गर्नुभएको बजेट अहिले आमचर्चाको विषय हुनु स्वाभाविक नै हो । गएको एक दशकमा सम्भवत: यत्तिको संरचनागत सुधार र बजारमैत्री आर्थिक रूपान्तरणको भाष्य बोकेको यो पहिलो बजेट नै होला । विभिन्न किसिमका टिप्पणीबीच बजेटको प्रारूप, क्षेत्रगत प्राथमिकता र उद्देश्यसम्बन्धी अर्थ-राजनीतिक विश्लेषण पनि अपरिहार्य नै हुन्छ ।

करिब २४ खर्ब १२ अर्ब रुपैयाँको आकारमा आएको यो बजेट चालु आर्थिक वर्षको तुलनामा रेकर्ड २५ प्रतिशतले बढी हो । यसमध्ये ६० प्रतिशत चालुतर्फ विनियोजन गरिएको छ भने पूँजीगत र सरकारी दायित्वको वित्तीय व्यवस्थातर्फ करिब २०-२० प्रतिशत बराबर विनियोजन गरिएको छ । ठूलो भनिएको यो नयाँ बजेटमा पनि पूँजीगत खर्चको अनुपात पुरानै छ । चालु आर्थिक वर्ष पनि प्रशासनिक खर्च करिब ६० प्रतिशत नै छ । बरु, चालु वर्षभन्दा सार्वजनिक (बाह्य एवं आन्तरिक) ऋण भने आगामी वर्ष बढ्ने पक्का छ ।

राजस्वतर्फ हेर्दा १४ खर्बको सङ्कलन लक्ष्य महत्त्वाकांक्षी योजनाभन्दा अतिशयोक्ति नहोला, किनभने चालु आर्थिक वर्षको संशोधित अनुमान ११ खर्ब ३५ अर्बमा सीमित छ । बजेटमा अपेक्षा गरेजस्तो राजस्व प्राप्ति गर्न नसके, विगतझैं विकास खर्च कटौती हुने र परियोजना सुस्त बन्ने उही पुरानो प्रवृत्ति दोहोरिने जोखिम देखिन्छ । त्यस्तै, आगामी वर्षका लागि ७ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य पनि अपत्यारिलो देखिन्छ । विश्व अर्थतन्त्रमा देखिएको अनिश्चितता र चालु आर्थिक वर्षमा चार प्रतिशतभन्दा कम वृद्धिदर रहने सरकारी अनुमानकै बीच आगामी वर्ष यत्तिको फड्को मार्नेमा विश्वास गर्न कठिन छ । खासगरी, उत्पादनशील क्षेत्र सुस्त छ र अर्थतन्त्र मुख्यत: रेमिट्यान्स, आयात र सेवा क्षेत्रको विस्तारमा निर्भर छ । बागमती एवं गण्डकी प्रदेशबाहेक बाँकी प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय औसतभन्दा कम रहेको मौजुदा अवस्थामा, यत्तिको तीव्र वृद्धिदर राजनीतिक रूपमा जति आकर्षक लागे पनि व्यावहारिक रूपमा चुनौतीपूर्ण छ ।

### क्षेत्रगत प्राथमिकता र कार्यान्वयनको सङ्कट

विनियोजनका हिसाबले करिब २ खर्ब ८६ अर्बका साथ पूर्वाधार क्षेत्रले बढी प्राथमिकता पाएको छ । पूर्वाधार क्षेत्रलाई उन्नतिको मुख्य स्तम्भका रूपमा लिनु खासमा पुरानै नीतिको निरन्तरता हो । सडक, खानेपानी, सिँचाइ, ऊर्जा र प्रविधिसम्बन्धी पूर्वाधार विकासका दर्जनौं पूर्ववत् योजना अहिले पनि लम्बित छन् । त्यसमाथि सरकारले अनेकौं नयाँ योजना थपेको छ । प्रश्न योजनामा होइन, यसको कार्यान्वयनमा हो । कार्यान्वयन पक्ष सङ्कटग्रस्त र अक्षम रहिआएको वर्तमान परिदृश्यबीच केही कानुनी संशोधन र परिमार्जन गर्ने अठोट सरकारले गरे पनि समयबद्ध ढङ्गले पुरानासँगै थपिएका नयाँ योजना कार्यान्वयन हुने र त्यसका लागि स्रोतको सुनिश्चितता गरिनु सरकारका लागि सहज हुनेछैन ।

त्यस्तै, औद्योगिक एवं उत्पादन क्षेत्रले पाएको कर सहुलियत एवं भन्सार छुटले उद्यमशीलता एवं उत्पादकत्व बढ्ने विश्वास सरकारले गरेको बुझिन्छ । तर, बजेटले उच्च लागत, सानो स्वदेशी बजार, श्रमिक पलायन र पर्याप्त ऊर्जा एवं पूर्वाधार विकासको अभावजस्ता संरचनागत समस्या समाधान गर्ने दीर्घकालीन मार्गचित्र प्रस्तुत गर्नुपर्ने हुन्छ । कृषि क्षेत्रलाई बजेटमा उत्पादनमुखी, मूल्य शृंखला अभिवृद्धि र आधुनिकीकरणजस्ता परम्परागत नीतिकै निरन्तरता दिइएको छ । तर, यस क्षेत्रको मुख्य समस्या- भू-उपयोग नीतिको अभाव, खण्डित खेतियोग्य जग्गा, अपर्याप्त सिँचाइ, बजार उपलब्धता र भण्डारणको कमी रहिआएको छ । केही काठ उद्योग, प्रशोधन केन्द्र र पकेट क्षेत्र घोषणाले मात्र जीविकोपार्जनमुखी विद्यमान कृषि क्षेत्रमा युवा श्रमलाई आकर्षित गरी प्रतिस्पर्धी उद्यमका रूपमा रूपान्तरण गर्न सक्ने त्यति सजिलो देखिँदैन ।

क्षेत्रगत हिसाबले सुदूरपश्चिम एवं मधेसले केही सिँचाइ योजना पाएका छन् भने कर्णालीले कृषिजन्य उत्पादनमा मूल्य अभिवृद्धि गरिने घोषणा । खस्किँदै गरेको भू-जल स्तर बीच मधेसका खेतमा भूमिगत सिँचाइको प्रभावकारिता हेर्नु पनि रोचक नै रहला । साथै, पूर्वाधारतर्फ तराई-मधेसको हुलाकी राजमार्ग परियोजनाले फेरि पनि तीन वर्षे नयाँ सरकारी तारिख पाएको छ । सेवा क्षेत्रअन्तर्गत बैङ्किङ, पर्यटन, होटेल व्यवसाय, रेमिट्यान्स, व्यापार एवं सूचना प्रविधि जस्ता क्षेत्रले अर्थतन्त्रमा करिब ६२ प्रतिशत योगदान गर्छन् । जसलाई बजेटले यथार्थपरक ढङ्गले सूचना प्रविधि, डिजिटल अर्थतन्त्र, आईटी उद्योग, कृत्रिम बौद्धिकता जस्ता नीतिगत समर्थन गरेको छ । तर, देशभित्रका विश्वविद्यालयमा संस्थागत सुधार गरी यसका लागि आवश्यक कौशल विकास गर्ने जिम्मा दिनुको साटो, सरकारले विश्वका उत्कृष्ट भनिने शैक्षिक संस्थाहरूलाई देशभित्र क्याम्पस खोलेर यो जिम्मेवारी बहन गर्न 'आउटसोर्स' गरेको छ ।

सार्वजनिक स्वास्थ्यमा गुणस्तरीय र भरपर्दो सेवा, ग्रामीण क्षेत्रमा दक्ष जनशक्तिको उपलब्धता र प्रदेश-पालिकाहरूसँगको समन्वयबारे भने बजेट मौन छ । त्यस्तै, ऊर्जा क्षेत्रमा प्रस्तुत संरचनागत सुधार, निजी क्षेत्रको अन्तर्राष्ट्रिय ऊर्जा व्यापारमा पहुँच, हरित ऊर्जाजस्ता दीर्घकालीन रूपान्तरणका नीति विगतका नीतिबाट 'डिपार्चर' भए पनि यसको भार देशभित्रका उपभोक्तामाथि थपिएको छ । ५० युनिट खपतमाथि थपिएको करले हरित ऊर्जालाई बढावा दिने सरकारी नीतिभित्रको विरोधाभासलाई पनि उजागर गरेको छ । हो, ऊर्जा व्यापारमा निजी क्षेत्रको पहुँचले केही स्थापित व्यापारी वर्गलाई लाभ भने अवश्य मिल्ने देखिन्छ ।

रोजगारीका सन्दर्भमा उद्यमशीलता, सहुलियत कर्जा, स्टार्ट-अप जस्ता घोषणा बजेटमा भए पनि समग्र उत्पादकत्व र लगानीमैत्री वातावरण नबनेसम्म केवल ऋण एवं अनुदान कार्यक्रमले मात्र रोजगारी सिर्जना सम्भव छैन भन्ने विगतका अनुभवले देखाउँछन् । भइहाले पनि यसको असर सीमित सहरी क्षेत्र र पहुँचवाला युवासम्म नै सीमित हुनेछ ।

### बहुचर्चित करका दर

बजेटले व्यक्तिगत आयकरमा न्यूनतम छुटको सीमा दोब्बर गरी वार्षिक दस लाखसम्म पुऱ्याएको छ र अधिकतम आयमा लाग्ने ३९ प्रतिशत करलाई २९ प्रतिशतमा झारेको छ । यसले कम लगानी, न्यून माग, सुस्त उत्पादन र उच्च लागतजस्ता वातावरणमा सुधार ल्याउने र उत्पादन, रोजगारी एवं लगानीलाई बढावा दिने सरकारको बुझाइ देखिन्छ । तर, नेपालको अर्थतन्त्रका केही संरचनागत कमजोरीहरू छन्, जसलाई सँगसँगै सुधार नगरी सरकारले सोचेजस्तो कर छुटबाट सोझै उद्यमशीलता, औद्योगिकीकरण र गुणस्तरीय रोजगारी सिर्जना हुने सम्भव छैन । नीतिगत एवं कानुनी स्थिरता, समयबद्ध सम्झौता कार्यान्वयन, प्रशासनिक सहजीकरण, र प्रभावकारी नियमनजस्ता दीर्घकालीन सुधार आवश्यक छ ।

अर्कोतर्फ, व्यक्तिगत बचत पनि अनुत्पादनशील एवं कम जोखिमयुक्त क्षेत्र (जस्तै- घरजग्गा कारोबार एवं उपभोग) तिर आकर्षित हुन सक्छ । यसै पनि नेपालको अर्थतन्त्रमा उपभोगको हिस्सा चालु आर्थिक वर्षमा नै ९० प्रतिशतमाथि रहेको अनुमान छ । त्यस्तै, मध्यमवर्गको विस्तार कृषि क्षेत्रको उत्पादकत्व वृद्धि नगरी सम्भव छैन । अर्थतन्त्रमा केवल २४ प्रतिशत योगदान दिने कृषि क्षेत्रमा कुल श्रमिकको करिब दुईतिहाइ आश्रित छन् । यसर्थ, कर छुटको प्रत्यक्ष लाभार्थी औपचारिक अर्थतन्त्र (जसको आकार करिब ५०-५५ प्रतिशत मात्र अनुमान गरिन्छ) मा आबद्ध सहरिया, पेसेवर, कर्मचारी, व्यवसायी र मध्यमवर्ग हुन जान्छ ।

फेरि, त्यो मध्यमवर्गको बचतले स्वदेशी उत्पादन नै बढाउँछ, त्यसको के ग्यारेन्टी छ ? आएको रेमिट्यान्स त उत्पादनशील क्षेत्रमा नगई विदेशी सेवा एवं वस्तुमै खर्च भइरहेको छ । झन् फराकिलो हुने सम्भावित मध्यमवर्गको बढ्ने अवश्यम्भावी क्रयशक्तिले आयात प्रतिस्थापन हुने हो कि व्यापार घाटा झन् बढाउने हो ?

### वित्तीय संघीयता

संघीय सरकारले प्रदेश-पालिकालाई अनुदान एवं राजस्व बाँडफाँटबाट कुल वित्तीय हस्तान्तरण करिब ६०० अर्ब हुने अनुमान गरेको छ । यो आगामी आर्थिक वर्षका लागि संघीय बजेटको केवल २५ प्रतिशत हुन्छ, जुन चालु आर्थिक वर्षमा करिब २९ प्रतिशत रहेको थियो । यसमध्ये करिब १७८ अर्ब राजस्व बाँडफाँटतर्फ र विभिन्न संघीय अनुदानका लागि ४२२ अर्ब अनुमानित छ । आश्चर्य के छ भने १४ खर्बको राजस्व परिचालन गर्ने अठोट गरेको सरकारले राजस्व बाँडफाँटतर्फ बजेटको आठ प्रतिशत पनि प्रक्षेपण गर्न सकेन । सैले अन्त:शुल्क, भ्याट र रोयल्टीबाट उठ्ने राजस्व प्रदेश र पालिकासँग निश्चित हिस्सा बाँडफाँटका रूपमा साझा गर्नुपर्ने कानुनी प्रावधान छ ।

संघीय अनुदानको प्रवृत्तिलाई हेर्ने हो भने प्रदेश-पालिकाका लागि आगामी वर्ष दिइने समानीकरण अनुदान र ससर्त अनुदान चालु आर्थिक वर्षको अनुपातसँग ठ्याक्कै मिल्छ, केही परिवर्तन भएको छैन । चालु आर्थिक वर्षका लागि समानीकरण अनुदान कुल संघीय अनुदानको ३६ प्रतिशत थियो भने ससर्ततर्फ ५८ प्रतिशत । आगामी वर्षका लागि पनि यही अनुपात नै कायम रहेको छ ।

अन्त्यमा, जति ठूलो आकार र सञ्जालको प्रचारबाट आएको भए पनि यस बजेटमा निरन्तरताको क्रमभङ्गता कमै छ । बजेटको सबल पक्ष भनेको सुधारोन्मुख केही प्रतिबद्धताहरू र त्यसलाई लागु गर्न सक्ने उपलब्ध संसदीय अङ्कगणित हो । कार्यान्वयन पक्ष प्रभावकारी रह्यो भने लिइएका डिजिटाइजेसन, प्रविधि उद्योग, र शासकीय सुधारसम्बन्धी नीतिले अवश्य नै बजेटलाई स्मरणीय बनाउन सक्दछ । प्रतिफलका हिसाबले लाभार्थी मध्यमवर्गीय सहरी जनता हुने देखिन्छ भने किसान र ग्रामीण जनसंख्या उपेक्षित हुनेछ ।

*(साभार: अनलाइनखबर)*

# बिजुलीबाटै 'ग्रिन युरिया' मल उत्पादन गर्ने सरकारको योजना



काठमाडौं/नेपालमा बर्सेनि देखिने रासायनिक मलको हाहाकार समाधान गर्न सरकारले आगामी आर्थिक वर्षको बजेट मार्फत एक महत्त्वाकांक्षी योजना अघि सारेको छ । सरकारले नेपाल विद्युत् प्राधिकरण र निजी क्षेत्रको सहकार्यमा 'कम्पनी मोडेल' मा 'ग्रिन युरिया' (हरित युरिया) मल उद्योग सञ्चालन गर्ने घोषणा गरेको हो ।

आगामी आव २०८३/८४ को बजेट वक्तव्य मार्फत ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले विद्युत् प्राधिकरण र निजी क्षेत्रको सहकार्यमा कम्पनी मोडेलमा ग्रिन युरिया मल उद्योग सञ्चालन गर्न दिने उल्लेख गरेको हो । निजी क्षेत्रबाट ग्रिन युरिया उत्पादन प्रवर्द्धन गर्न खरिद ग्यारेन्टी सम्झौता गरी प्राधिकरणले सहुलियत दरमा विद्युत् उपलब्ध गराउने व्यवस्था मिलाउने समेत वक्तव्यमा उल्लेख छ ।

सरकारले निजी क्षेत्रलाई आकर्षित गर्न उत्पादित मलको खरिद ग्यारेन्टी (पीपीए) गर्ने र सहुलियत दरमा विद्युत् उपलब्ध गराउने नीति लिएको हो । प्राधिकरण सञ्चालक समिति सदस्य अम्सुकिरण शाहीका अनुसार हाइड्रोजनलाई छुट्याएर ग्रिन युरिया बनाउन लागिएको हो । विश्वव्यापी रूपमा नै चर्चामा रहेको ग्रिन हाइड्रोजनले नेपालमा समेत बजेटमै समावेश गरिएपछि चौतर्फी चासो बढेको हो ।

सरकारले यो विषयमा विभिन्न ३ वटा अध्ययन गरेको थियो । अध्ययनले नेपालमै ग्रिन युरिया मल उत्पादन गर्न सकिने देखाएको थियो । सोही आधारमा यो प्रक्रिया सुरु गर्न सरकारले पहिलो पटक बजेटमा समावेश गरेको हो । सुरुमा उद्योग मन्त्रालय, कृषि मन्त्रालय, ऊर्जा मन्त्रालयका सचिवबीच छलफल भएको थियो । छलफलपछि पाइलट प्रोजेक्टका रूपमा अगाडि बढाउने सहमति भएको थियो । त्यसका लागि उदयपुर सिमेन्ट उद्योगलाई केन्द्रमा राखिएको थियो । सिमेन्ट उद्योगबाट निस्किने वायुलाई नै फ्युजन गरेर युरिया मल बनाउने भन्ने हो । तर, हाल उदयपुर सिमेन्ट उद्योग बन्द अवस्था छ ।

सरकारले यसलाई सञ्चालन गर्ने तयारी गरेको छ । सोही आधारमा उक्त उद्योगबाट निस्किने वेस्ट ग्यासबाट ग्रिन युरिया मल बनाउने योजना रहेको शाहीको भनाइ छ ।

**के हो ग्रिन युरिया ?**

सामान्यतया रासायनिक मल उत्पादन गर्दा प्राकृतिक ग्यास वा कोइलाजस्ता जिवाष्म इन्धन प्रयोग गरिन्छ, जसले वातावरणमा कार्बन उत्सर्जन बढाउँछ । तर, नेपालमा उपलब्ध प्रचुर जलविद्युत् प्रयोग गरी पानीबाट हाइड्रोजन अलग गरेर बनाइने मल नै ग्रिन युरिया हो । यो पूर्णत: वातावरणमैत्री हुनुका साथै स्वदेशी कच्चापदार्थ (बिजुली र पानी) मा आधारित हुने शाहीको भनाइ छ ।

उनका अनुसार ग्रिन युरिया उत्पादनका लागि मुख्य तीन वटा कच्चापदार्थ आवश्यक पर्छन् । जसमा विद्युत, पानी र कार्बनडाइ अक्साइड (सीओ२) तत्व छन् । सुरुमा बिजुली प्रयोग गरी पानी (एचटूओ) लाई विच्छेदन गरेर हाइड्रोजन ग्यास निकालिन्छ । त्यसपछि हावाबाट नाइट्रोजन र निकालिएको हाइड्रोजन मिसाएर अमोनिया तयार पारिन्छ । अमोनियामा कार्बनडाइअक्साइड मिसाएपछि ठोस युरिया मल बन्ने शाहीले बताए ।

नेपालमा कार्बनडाइ अक्साइडका लागि उदयपुर सिमेन्ट जस्ता उद्योगबाट निस्कने धुवाँ ( वेस्ट ग्यास) लाई 'क्याप्चर' गरेर प्रयोग गर्ने योजना अघि सारिएको छ । 'सिमेन्ट उद्योगबाट म्यासिभ रूपमा सीओ२ निस्किरहेको हुन्छ, त्यसलाई उपयोग गर्दा एकातिर प्रदूषण घट्छ भने अर्कातिर सस्तोमा मल उत्पादन हुन्छ,' शाहीले भने । नेपालमा कार्बनडाइअक्साइडका लागि उदयपुर सिमेन्ट जस्ता उद्योगबाट निस्कने धुवाँ (वेस्ट ग्यास) लाई 'क्याप्चर' गरेर प्रयोग गर्ने योजना अघि सारिएको छ ।

बजेटमा उल्लेख भए अनुसार निजी क्षेत्रलाई यस उद्योगमा लगानी ल्याउन सरकारले विशेष सुविधा दिनेछ । प्राधिकरणले सहुलियत दरमा उद्योगलाई बिजुली दिने र सोही आधारमा तत्काल परीक्षणका रूपमा ग्रिन युरिया मल उत्पादन गर्ने सरकारको योजना छ । 'हामीले ५ रुपैयाँमा बत्ती दियौं भने नेपालमै वार्षिक ठूलो मात्रामा युरिया उत्पादन गर्न सकिने क्षमता छ,' उनले भने । उत्पादित मल सरकारले नै किनिदिने सुनिश्चितता गरेपछि निजी लगानीकर्ताहरू उत्साहित हुने अपेक्षा गरिएको छ ।

**नेपालमा कतिको सम्भव छ ?**

नेपालमा यसको प्राविधिक अध्ययन काठमाडौं विश्वविद्यालयले गरिरहेको छ । हाल साढे दुई मेगावाट क्षमताको पाइलट प्रोजेक्ट सुरु गर्ने तयारी छ । वर्षायाममा बढी हुने बिजुलीलाई मल उत्पादनमा प्रयोग गर्दा विद्युत् खेर नजाने उनको भनाइ छ । जल तथा ऊर्जा आयोगको सचिवालय र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले यसलाई प्राथमिकतामा राखेर अध्ययन गरिरहेका छन् ।

छिमेकी भारतमा पनि विद्युत् प्राधिकरण अन्तर्गत नै ग्रिन हाइड्रोजन विभाग बनाएर काम भइरहेको छ । सम्भावना हुँदाहुँदै केही कानुनी र प्राविधिक चुनौती भने बाँकी नै छन् । प्राधिकरण सञ्चालक सदस्य शाहीका अनुसार हाइड्रोजनको गुणस्तर चेक गर्ने र यसलाई नियमन गर्ने 'नियामक निकाय' नेपालमा अझै छैन । त्यस्तै हाइड्रोजन ग्यास निकै प्रज्वलनशील हुने भएकाले यसको सुरक्षा र गुणस्तर नियन्त्रणमा विशेष सावधानी अपनाउनुपर्ने हुन्छ ।

नेपालले बर्सेनि अर्बौं रुपैयाँको रासायनिक मल आयात गर्दै आएको छ । सरकारले बजेट मार्फत अघि सारेको ग्रिन युरियाको अवधारणा सफल भए नेपाल मलमा आत्मनिर्भर मात्र नभई, स्वदेशी जलविद्युत् खपतमा समेत नयाँ आयाम थपिने सरकारको अपेक्षा छ । प्राधिकरणले यसलाई पाइलट प्रोजेक्टका रूपमा अघि बढाउने लक्ष्य राखेको छ ।

विज्ञको प्रश्न- प्राधिकरणले विद्युत् उत्पादन गर्ने कि मल बनाउने ? सरकारको उक्त योजनालाई विज्ञहरूले अनौठो योजना भनेका छन् । विद्युत् प्राधिकरणको काम विद्युत् उत्पादन, प्रसारण तथा वितरण रहेको बताउँदै मल उत्पादनतर्फ लाग्न नहुने तर्क उनीहरूको छ । विद्युत् प्राधिकरणका पूर्व उपकार्यकारी निर्देशक प्रबल अधिकारीले प्राधिकरणको काम मल बनाउने कि विद्युत्सँग सम्बन्धित काम गर्ने भन्दै प्रश्न गरे ।

'विद्युत् प्राधिकरणले निजी क्षेत्रसँग मिलेर ग्रिन युरिया मल बनाउने भनेको छ, प्राधिकरणको काम मल बनाउने हो ? प्राधिकरणको काम विद्युत्सँग सम्बन्धित सेवा दिने र विद्युत् उत्पादन गर्ने र त्यसमा बरु कसरी त्यसलाई एकदम विशेष बनाउन सकिन्छ ?,' उनले भने, 'कसरी त्यसलाई बढी भरपर्दो काम गराउन सकिन्छ, त्यतातर्फ जानुपर्नेमा अब विद्युत् प्राधिकरणले मल बनाउने, प्राधिकरणले विद्युत् खपत हुन्छ भनेर ईभी गाडीका पाटपुर्जा बनाउन लाउने, यो त पुनर्संरचनाको कुरोसँग पनि मेल खाँदैन ।'

एकातिर प्राधिकरणलाई ३ वटा कम्पनीमा विभाजन गर्ने भएको तर अर्कातर्फ मल उत्पादन गर्नेसमेत भन्ने विषय आफैंमा मेल नखाने उनको भनाइ छ । 'पुनर्संरचना गर्ने भनेपछि विद्युत् प्राधिकरण नै नहुने भो, एक प्रकारले टुक्राटुक्रा हुने भो सरकारको सोचमा, अनि कहाँबाट मल बनाउने ? किन मल बनाउनुपर्‍यो प्राधिकरणले ? निजी क्षेत्रले गरे हुँदैन ?,' उनले प्रश्न गरे । विद्युत् सेवामा काम गर्ने प्राधिकरणलाई मल बनाउने कुरो कहाँबाट कसले त्यसरी हालिदियो भन्ने गम्भीर विषय रहेको उनले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# सुर्तीजन्य पदार्थले स्वास्थ्यमा पार्ने असरसम्बन्धी अभिमुखीकरण



साझाकुरा संवाददाता

हेटौंडा, १९ जेठ/विश्व सुर्तीजन्यपदार्थरहित दिवस २०२६ को अवसरमा मकवानपुरमा सुर्तीजन्य पदार्थले स्वास्थ्यमा पार्ने असर तथा यसको नियमनसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

जनस्वास्थ्य कार्यालय मकवानपुरको आयोजनामा नेपाल पत्रकार महासंघ मकवानपुरको सभाहलमा आयोजित कार्यक्रममा जनस्वास्थ्य अधिकृत लक्ष्मण घिमिरेले सुर्तीजन्यपदार्थको प्रयोगबाट मानव स्वास्थ्यमा पर्ने नकारात्मक प्रभाव, विभिन्न रोगको जोखिम तथा नियन्त्रणका लागि अवलम्बन गरिएका कानुनी व्यवस्था र स्थानीय तहले अपनाएका नियामक उपायबारे जानकारी गराए । कार्यक्रममा सुर्तीजन्यपदार्थको सेवनका कारण क्यान्सर, मुटुरोग, श्वासप्रश्वास सम्बन्धी समस्या लगायत विभिन्न घातक रोगको जोखिम बढ्ने भएकाले यसको प्रयोग न्यूनीकरण गर्न सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण रहने बताइएको थियो ।

सुर्तीजन्यपदार्थ नियन्त्रण तथा नियमनसम्बन्धी ऐन, नियमावली र सार्वजनिक स्थानमा धूमपान निषेधसम्बन्धी व्यवस्थाबारे जानकारी प्रदान गरिएको थियो । कार्यक्रममा प्रस्तुत तथ्यांकअनुसार नेपालमा करिब २९ प्रतिशत मानिसले सुर्तीजन्यपदार्थ सेवन गर्ने गरेका छन् । सुर्तीजन्यपदार्थकै कारण हरेक वर्ष ३९ हजारभन्दा बढी मानिसको मृत्यु हुने गरेको छ । नेपालमा करिब २० प्रतिशत वयस्कले मदिरा सेवन गर्ने गरेका छन्, जसमा ३४.४ प्रतिशत पुरुष र ८.८ प्रतिशत महिला रहेका छन् । पछिल्लो नौ वर्षको अवधिमा मदिरा सेवन गर्ने पुरुषको संख्या ५० प्रतिशत र महिलाको संख्या झण्डै ५५ प्रतिशतले वृद्धि भएको तथ्यांक छ ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष राममणि दाहाल, उपाध्यक्ष ध्रुव अधिकारी, प्रदेश सदस्य उज्ज्वल अधिकारी, सुवर्णलाल श्रेष्ठलगायत विभिन्न सञ्चारमाध्यममा कार्यरत सञ्चारकर्मीको सहभागिता रहेको थियो । हरेक वर्ष मे ३१ मा मनाइने विश्व सुर्तीजन्यपदार्थरहित दिवसको उद्देश्य सुर्तीजन्यपदार्थको प्रयोगबाट हुने स्वास्थ्य जोखिम, सुर्ती उद्योगका व्यावसायिक रणनीति, सुर्ती नियन्त्रणका लागि विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ)ले गरिरहेका प्रयास तथा स्वस्थ जीवनशैली प्रवर्द्धन र भावी पुस्ताको संरक्षणका लागि आवश्यक कदमबारे जनचेतना अभिवृद्धि गर्नु रहेको छ ।

# 'रोल नं १' हेरेपछि कलाकारले भने- 'हरेक अभिभावकले हेर्नैपर्ने फिल्म'



काठमाडौं/गत शुक्रबार (१५ जेठ)बाट प्रदर्शनमा आएको फिल्म 'रोल नं १'ले घरेलु बक्स अफिसमा अपेक्षाअनुसार व्यापार गर्न नसके पनि दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहेको छ । फिल्मले उठान गरेको विषयवस्तु र कलाकारहरूको अभिनय निकै रुचाइएको छ । फिल्म हेर्दा दर्शकहरू भावविह्वल बनेका भिडियो समेत सार्वजनिक भइरहेका छन् ।

फिल्मलाई प्राप्त प्रतिक्रियाले उत्साहित देखिएको निर्माण टिमले सोमबार काठमाडौंको एक हलमा 'सेलिब्रेटी शो' आयोजना गरेको थियो, जहाँ तुलसी घिमिरे, जितु नेपाल, कमलमणी नेपाल, मरिचमान श्रेष्ठ, अञ्जना बराइली, नीता ढुगांना, सञ्चिता लुईंटेल, गरिमा शर्मा, अनुभव रेग्मी, लुनिमा तुलाधार, सरिता गिरी, मेक्सम गौडेल, हरिहर अधिकारीलगायत उपस्थित थिए ।

फिल्म हेरेपछि कलाकारहरूले यसको विषयवस्तु र प्रस्तुतिको खुलेर प्रशंसा गरे । अभिनेत्री लुनिभा तुलाधरले हरेक अभिभावकले हेर्नैपर्ने फिल्म भएको बताइन् । उनले भनिन्, 'आफ्नो छोराछोरीको रुचि केमा छ, उसले के गर्न चाहन्छ, के पढायो भने अथवा गरायो भने त्यसमा मन लगाउँछ भन्ने थाहा पाउन पनि यो फिल्म हरेक अभिभावकले हेर्नैपर्छ ।'

हास्य कलाकार जितु नेपाल (मुन्द्रे)ले फिल्मको संवाद र सन्देशको प्रशंसा गरे । उनले भने, 'हामीले जहिले पनि बच्चाहरूलाई कक्षाकोठाको नम्बरमा मात्र सीमित गर्‍यौं । तर, यो फिल्मले प्रस्ट पारेको छ कि कोठाभित्रको नम्बरले मात्र जीवनको नम्बर निर्धारण गर्दैन । शिक्षालाई सीपसँग जोड्नुपर्ने आजको आवश्यकतालाई फिल्मले निकै सान्दर्भिक रूपमा उठाएको छ ।'

अभिनेत्री सञ्चिता लुइँटेलले फिल्मको लेखन र प्रस्तुति मर्मस्पर्शी रहेको प्रतिक्रिया दिइन् । उनले भनिन्, 'फिल्मको लेखन र प्रस्तुति निकै राम्रो छ । यसले शिक्षालाई किताबी ज्ञानमा मात्र सीमित नगरी सीपसँग जोडेको छ । आजको पुस्ताका बालबालिका र उनीहरूका अभिभावकले एकपटक यो फिल्म हेरेर धेरै कुरा सिक्न सक्छन् । फिल्मका संवाद र भावनाहरू मर्मस्पर्शी छन् ।'

अभिनेता हरिहर अधिकारीले फिल्म हेरिरहँदा आफ्नै स्कुले जीवन र परीक्षाको डरको झलझली याद आएको बताए । 'फिल्म एकदमै राम्रो छ । विशेषगरी बाबु र छोराको सम्बन्ध, पढाइ र संघर्षको कथाले मेरो मन छोयो । फिल्म हेरिरहँदा मलाई आफ्नै स्कुल जीवनको याद आयो । परीक्षाको बेला हुने डर र बुवाको संघर्षका कथालाई फिल्मले जीवन्त ढंगले उतारेको छ,' उनले भने ।

अभिनेत्री नीता ढुंगानाले फिल्म हेर्दा आफू निकै भावुक भएको र यसले बालबालिकामाथि थोपरिने पढाइको दबाबलाई मर्मस्पर्शी रूपमा चित्रण गरेको प्रतिक्रिया दिइन् । उनले भनिन्, 'फिल्मको विषयवस्तु निकै बलियो छ । बालबालिकाको मनोविज्ञान र उनीहरूमाथि थोपरिने पढाइको दबाबलाई फिल्मले राम्रोसँग देखाएको छ । फिल्म हेर्दा निकै भावुक भइने रहेछ ।'

जोन योञ्जनको निर्देशन रहेको यस फिल्ममा मुकुन भुसाल, सुशांक मैनाली, रेणु नाथ योगी, एवन राज उप्रेती, सिर्जना अधिकारी, निर्भिक रेग्मी, रिन्चेन लामा, संयम कटुवाल, सिजल श्रेष्ठलगायतका कलाकारहरूको अभिनय देख्न सकिन्छ । विनोद पौडेल र जान्वी पौडेल निर्माता रहेको चलचित्रको सह-निर्मातामा छत्रमाया गिरी र रमेश चौलागाईं छन् ।

# विदेश जाने श्रमिकलाई विनाधितो ऋण: लागत खर्च नतोकिँदा अड्कियो कार्यविधि

काठमाडौं/सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा वैदेशिक रोजगारीमा जाने श्रमिकलाई विनाधितो ऋण उपलब्ध गराउने घोषणा गरेको छ । सिप सिकेर मात्र वैदेशिक रोजगारीमा जाने व्यवस्था मिलाउने विषयलाई जोड दिँदै बजेटमा विनाधितो ऋणको व्यवस्था मिलाउने उल्लेख गरिएको छ । विनाधितो ऋण र उक्त ऋण भुक्तानी किस्ताबन्दीमा रोजगारदाताबाटै मिलाउने विषय बजेटमा जोडदार रूपमा उल्लेख गरिएको हो ।

'विनाधितो ऋण र किस्ताबन्दीमा रोजगारदाताबाट भुक्तानीको व्यवस्था गरी वैदेशिक रोजगारीलाई मर्यादित, पारदर्शी र स्वचालित बनाउनेछौं,' बजेट वक्तव्यमा उल्लेख छ । युवा, श्रम तथा रोजगार मन्त्रालय (तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय) ले यसअघि २०८१/८२ को बजेटमा पहिलो पटक विनाधितो ऋणको विषयमा समावेश गरेको थियो । त्यसपछि चालु आर्थिक वर्ष २०८२/८३ मा घुमाउरो भाषामा मात्रै उक्त विषय समावेश गरिएको थियो ।

विगतका वर्षदेखि नै वैदेशिक रोजगारीमा जाने श्रमिकलाई विनाधितो ऋणको व्यवस्था उल्लेख गरिँदै आएको छ । तर, अहिलेसम्म उक्त प्रावधान लागु हुन सकेको छैन । मन्त्रालयले अध्ययन गरेर कार्यविधि समेत तयार पारिसकेको थियो । तर, कार्यान्वयन प्रक्रियामा अन्यौलता सिर्जना भएपछि उक्त विषय अघि बढेन । सरकारले आगामी आर्थिक वर्षमा समेत विनाधितो ऋण दिने र श्रमिकलाई वैदेशिक रोजगारीमा पठाउने विषय समावेश गरेको छ ।

विगतका वर्षको बजेटमा पनि समावेश गरिँदै आएको यो कार्यक्रम भर्ना लागत खर्च (रिक्रूटमेन्ट कस्ट) यकिन हुन नसक्दा कार्यविधिमै अड्किएको थियो ।

मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेका अनुसार यसका लागि आवश्यक कार्यविधि बनाएर धेरै पटक छलफल गरे पनि अन्तिम रूप दिन सकिएको छैन । मुख्य समस्या म्यानपावर कम्पनीहरूले लिने सेवा शुल्कमा रहेको छ ।

'कुनै पनि श्रमिक विदेश जाँदा लाग्ने कुल खर्चको आधारमा बैंकले ऋण उपलब्ध गराउने प्रावधान बनाइएको थियो,' प्रवक्ता घिमिरेले भने, 'तर देश अनुसार (खाडी मुलुक, जापान आदि) र भर्नाको प्रकृति अनुसार लागत फरक-फरक हुने भएकाले एउटा निश्चित सीमा तोक्न सकिएको छैन । लागत खर्च नै नतोकिएपछि बैंकले कति ऋण दिने भन्ने आधार नहुँदा कार्यविधि स्वीकृत हुन सकेन ।'

बजेटमा वैदेशिक रोजगारीमा जानेहरूका लागि सहुलियत ऋण दिने र उक्त ऋणको किस्ता रोजगारदाताले नै श्रमिकको पारि श्रमिकबाट कट्टी गरी तिरिदिने व्यवस्था उल्लेख गरिएको छ । तर, विदेशी रोजगारदाताले नेपालका बैंकमा कसरी किस्ता तिरिदिने भन्ने विषय समेत अन्योल देखिएको छ । जुन विषयमा मन्त्रालयले समेत स्पष्ट कार्यविधि ल्याउनुपर्ने हुन्छ । तर, यसअघि मन्त्रालयले तयार पारेको कार्यविधिमा भने रोजगारदाताले नै किस्ता तिरिदिने विषय उल्लेख थिएन । यो विषय कार्यान्वयनका लागि अझै थप गृहकार्य आवश्यक रहेको प्रवक्ता घिमिरेको भनाइ छ ।

विगतमा पनि यस्ता प्रयासहरू नभएका होइनन् । राजेन्द्रसिंह भण्डारी श्रममन्त्री हुँदा घिमिरेकै संयोजकत्वमा सेवा शुल्क निर्धारणका विषयमा अध्ययन गर्न कार्यदल गठन भएको थियो । तर, चुनाव तथा नयाँ सरकारको गठनसँगै त्यो प्रक्रिया अधुरै रह्यो ।

मन्त्रालयमा यस विषयका दस्तावेजहरू तयार भएपनि निष्कर्षमा पुर्‍याउन अर्थ मन्त्रालय, विज्ञ र सरोकारवाला निकायसहितको उच्चस्तरीय टोली आवश्यक देखिएको मन्त्रालयको निष्कर्ष छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ तथा म्यानपावर व्यवसायीहरूले श्रमिक जाने देशअनुसार एक महिनादेखि २ महिनासम्मको तलब बराबरको सेवा शुल्क तोक्नुपर्ने माग राख्दै आएका छन् । मन्त्रालयले यसबारे नियमित छलफल गरिरहेको र सबैको प्रतिनिधित्व हुने गरी एउटा ठोस मोडलमा जानुपर्ने प्रवक्ता घिमिरेले बताए । लागत खर्चमा सहमति जुटेमा मात्रै वैदेशिक रोजगारीमा जाने श्रमिकले विना धितो ऋण पाउने सरकारको योजनाले मूर्त रूप पाउनेछ ।

**सेवा शुल्क निर्धारणमा सधैंको विवाद**

तत्कालीन सरकारले २०६० वैशाख २४ गतेबाट लागु हुनेगरी खाडी मुलुकका लागि ७० हजार रूपैयाँ र मलेसियाका लागि ८० हजार रूपैयाँ सेवा शुल्क तोकेको थियो । त्यसपछि २०७२ साल जेठ २६ गते तत्कालीन श्रम राज्यमन्त्री टेकबहादुर गुरूङले 'फ्री भिसा फ्री टिकट' र सेवा शुल्क १० हजार रूपैयाँ मात्रै लिन पाउने निर्णय गरेका थिए । म्यानपावर व्यवसायीहरूले उक्त शुल्कमा श्रमिक पठाउन नसकिने बताउँदै विरोध गर्दै आएका छन् । उनीहरूले १० हजार हटाएर उपयुक्त शुल्क तोक्नुपर्ने मागसहित २०७२ सालदेखि नै विरोध गर्दै आएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिका अध्यक्ष हरिबहादुर पाण्डेले १० हजार रूपैयाँ सेवा शुल्क खारेज गरेर न्यूनतम २ महिनाको तलब सेवा शुल्क र रोजगारदाता कम्पनीले हवाई टिकट नदिएको अवस्थामा कामदार आफैले हवाई टिकट लिएर जान पाउने व्यवस्था गर्नुपर्ने बताए ।

*(स्रोत: अनलाइनखबर)*

# 'लज्जावती' साउन २९ मा आउने, यस्तो गेटअपमा देखिए मुकुन



काठमाडौं/राजबहादुर सानेको निर्देशनमा बनेको फिल्म 'लज्जावती' साउन २९ गतेबाट प्रदर्शनमा आउने भएको छ । मंगलबार निर्माताले फिल्मको सम्पूर्ण छायांकन पूरा भएको जानकारी दिँदै प्रदर्शन मिति घोषणा गरेका हुन् । गत साता काठमाडौंको धर्मस्थलीमा फिल्मको अन्तिम दृश्य खिचिएको थियो । दुई चरणमा गरी ४५ दिनमा फिल्मको छायांकन पूरा भएको हो ।

प्रदर्शन मिति घोषणा गर्दै निर्माताले फिल्मका मुख्य अभिनेता मुकुन भुषालको 'क्यारेक्टर लुक्स' पनि सार्वजनिक गरेका छन् । प्राप्त एक तस्वीरमा मुकुन साडी र चौबन्दी चोलो लगाएर घरको पिँढीमा बच्चा च्यापेको अवस्थामा देखिएका छन् । उनको गलामा पोते र निधारमा महिलाले लगाउने टिका देख्न सकिन्छ । उनको यो गेटअपले दर्शकमा फिल्मप्रति कौतुहलता बढाएको छ ।

आहा फिल्म्सको ब्यानरमा निर्माण भएको यस फिल्ममा मुकुनसहित धिरेन शाक्य, प्रिया रिजाल, हिउँवाला गौतम, मेनुका माझी, श्री कृष्ण निरौला, जानुका विश्वकर्मा, केशव रिजाल, रामहरी खड्का, काजल भुजेल, दीपक थापालगायतका कलाकारहरूको अभिनय रहेको छ । फिल्मका निर्माता कमलप्रसाद शर्मा र सन्दीप कुमार रोकाया हुन् ।

निर्देशक साने स्वयंको लेखन रहेको फिल्ममा सौरभ वली प्रस्तुतकर्तामा छन् भने दिनेश राज बुढाथोकी कार्यकारी निर्माताको रूपमा छन् । फिल्ममा दिव्यराज सुवेदीको छायांकन, तारा थापा 'किम्भे'को सम्पादन तथा देव महर्जनको द्वन्द्व निर्देशन रहेको छ । फिल्म महिलाप्रधान कथावस्तुमा आधारित रहेको जनाइएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



# अभिभावक र विद्यार्थीको सोचमा परिवर्तन ल्याउनुपर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १८ जेठ/ कैलाश गाउँपालिका अध्यक्ष लोक बहादुर मुक्तानले बालविवाह अन्त्यका लागि अभिभावक र विद्यार्थीको सोच तथा व्यवहारमा परिवर्तन आउनु आवश्यक रहेको बताएका छन् ।



मंगलबार बालविवाह विरुद्ध समुदाय परिचालन कार्यक्रम अन्तर्गत् सरकारी, गैरसरकारी तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिको सहभागितामा आयोजित सचेतना कार्यक्रममा अध्यक्ष मुक्तानले बालविवाह न्यूनीकरणका लागि सबैभन्दा पहिले अभिभावकलाई सचेत गराउनुपर्ने आवश्यकता औंल्याए । उनले कैलाश गाउँपालिकामा मुख्यत: चेपाङ र तामाङ समुदायको बसोबास रहेकाले ती समुदायमा अझ व्यापक रुपमा सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने बताए । 'यी समुदायमा बालविवाहको दर तुलनात्मकरुपमा बढी देखिन्छ । बालविवाह कानुनी अपराध हो भन्ने विषयमा अझै पर्याप्त चेतनाको विकास हुनसकेको छैन,' उनले भने ।

अध्यक्ष मुक्तानले गाउँपालिकाले बालविवाह न्यूनीकरणका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिए । कक्षा १२ उत्तीर्ण गरी २० वर्ष उमेर पूरा भएपछि मात्र विवाह गर्ने युवायुवतीलाई गाउँसभाको अवसरमा नगदसहित सम्मान गर्ने व्यवस्था गरिएको उनले बताए । 'चेली प्रोत्साहन कार्यक्रम' ले पनि बालविवाह नियन्त्रणमा सकारात्मक योगदान पुऱ्याइरहेको उनको भनाइ थियो । उनले बालविवाह अन्त्यका लागि समुदायस्तरबाटै अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिँदै सामाजिक चेतना अभिवृद्धिबिना यो समस्या समाधान गर्न कठिन हुने बताए ।

कार्यक्रममा कैलाश गाउँपालिका-१० का वडाध्यक्ष सूर्यबहादुर ब्लोनले समुदायमा बढ्दो सामाजिक बेथितिका कारण बालविवाह न्यूनीकरणमा चुनौती थपिएको बताए ।

'टोल र समाजमा बालविवाह तथा बहुविवाहका घटना भइरहेका छन् । कतिपटक रोक्न खोज्दा पनि युवायुवती भागेर विवाह गर्ने गरेका छन् । केवल नियन्त्रण गरेर मात्र यो समस्या समाधान हुँदैन,' उनले भने । उनले बालविवाह रोकथामका लागि घर परिवारबाटै सकारात्मक संस्कार र सचेतनाको विकास आवश्यक रहेको उल्लेख गर्दै अभिभावकको भूमिकालाई महत्वपूर्ण बताए ।

गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सीताकुमारी खत्रीले बालविवाहले बालबालिकाको वर्तमान मात्र होइन, भविष्यलाई समेत नकारात्मक असर पार्ने बताइन् । शिक्षित, सुरक्षित र समृद्ध समाज निर्माणका लागि बालविवाह अन्त्य अपरिहार्य रहेको उनको भनाइ थियो । उनले बालविवाह न्यूनीकरणका लागि अभिभावक, शिक्षक, जनप्रतिनिधि तथा सरोकारवाला सबै पक्षको सक्रिय सहभागिता र प्रतिबद्धता आवश्यक रहेको बताइन् । 'बालविवाह कानुनीरुपमा दण्डनीय सामाजिक अपराध हो भन्ने चेतना समाजका सबै तहमा स्थापित गर्नुपर्छ । बालबालिकाको हित, अधिकार र संरक्षणलाई केन्द्रमा राखेर सबैले साझा जिम्मेवारी निर्वाह गर्नुपर्छ,' उनले भनिन् ।

बालअधिकारकर्मी संगीता उप्रेती र भवानी अधिकारीले सहजीकरण गरेको कार्यक्रममा वडाध्यक्ष, कार्यपालिका सदस्य, विद्यालयका प्रधानाध्यापक, शिक्षक, विभिन्न सामाजिक संघसंस्थाका प्रतिनिधि तथा अन्य सरोकारवालाको सहभागिता रहेको थियो ।

महिला तथा बालबालिका शाखाप्रमुख रमिला सापकोटाका अनुसार दुई दिनसम्म सञ्चालन हुने कार्यक्रमको पहिलो दिन सरोकार वालासँग अन्तरक्रिया गरिएको छ भने दोस्रो दिन बुधबार दुईवटा माध्यमिक विद्यालयमा विद्यार्थी र शिक्षकको सहभागितामा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । बालविवाहविरुद्ध सामुदायिकस्तरमा जनचेतना अभिवृद्धि गर्दै बालबालिकाको अधिकार संरक्षण र सुरक्षित भविष्य सुनिश्चित गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको गाउँपालिकाले जनाएको छ ।

# रास्वपा मकवानपुरको अधिवेशन जेठ २३ गते हुने




साझाकुरा संवाददाता

हेटौंडा, १९ जेठ/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मकवानपुरको जिल्ला अधिवेशन जेठ २३ गते हेटौंडामा हुने भएको छ ।

जिल्लाका १० वटै पालिकामा पालिका अधिवेशन सम्पन्न भएपछि रास्वपा मकवानपुर जिल्ला अधिवेशनको तयारीमा जुटेको हो । रास्वपा मकवानपुरका कार्यवाहक सभापति प्रकाश गौतमले जिल्ला अधिवेशन जेठ २३ गतेका लागि तय भएको जानकारी दिँदै सहमतिमै नेतृत्व चयन गर्ने प्रयास भइरहेको बताए । उनकाअनुसार सहमति नभएको अवस्थामा निर्वाचनमार्फत् नेतृत्व चयन गरिनेछ । रास्वपा मकवानपुरले जिल्लाका सबै स्थानीय तहमा अधिवेशन सम्पन्न गरेको जनाएको छ । पछिल्लोचरणमा कैलाश, राक्सिराङ, बकैया र बागमती गाउँपालिकामा अधिवेशन सम्पन्न भएसँगै जिल्लाका १० वटै पालिकाको अधिवेशन सकिएको हो ।

यसअघि अन्य छ पालिकामा अधिवेशन सम्पन्न भइसकेको पार्टीले जनाएको छ । पालिका अधिवेशन पछि अब जिल्ला संरचनालाई पूर्णता दिने तयारी अघि बढाइएको छ । कार्यवाहक सभापति गौतमले पालिका अधिवेशनमा पार्टी सदस्य तथा शुभेच्छुकको उपस्थिति उत्साहजनक रहेको बताए । उनकाअनुसार धेरै ठाउँमा यसअघिकै तदर्थ समितिमा रहेका व्यक्तिलाई निरन्तरता दिइएको छ । अधिवेशनमा सहभागी प्रतिनिधि र स्थानीय कार्यकर्ताले विवादभन्दा पनि संगठनलाई अघि बढाउने विषयमा सहमति जनाएको उनको भनाइ छ । गौतमले जिल्ला अधिवेशनमा केही आकांक्षी देखिए पनि ठूलो विवाद हुने अवस्था नरहेको बताए । 'सकभर हामी सहमतिमै जान्छौं, सहमतिमा नभए लोकतान्त्रिक पद्धतिअनुसार निर्वाचन हुन्छ', उनले भने । उनकाअनुसार जिल्लाको नेतृत्वका लागि दुई-तीन जनाको नाम चर्चामा आएपनि औपचारिकरुपमा उम्मेदवारी दर्तापछि मात्र स्पष्ट हुने अवस्था छ । पार्टी विधानअनुसार पालिका नेतृत्वमा रहेका व्यक्तिले पद छाडेर मात्र जिल्लाको नेतृत्वमा आउनसक्ने भएकाले आकांक्षीको संख्या सीमित हुने उनको भनाइ छ । रास्वपा मकवानपुरका सचिव सञ्जीव पाठकले सबै पालिका अधिवेशन सम्पन्न भइसकेपछि जिल्ला अधिवेशनको तयारी तीव्र बनाइएको बताए ।

# माध्यमिक तहस्तरीय मुक्तक प्रतियोगितामा स्वरुपा प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, १९ जेठ/ माध्यमिक तहस्तरीय मुक्तक प्रतियोगितामा हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयकी स्वरुपा गुरागाईं प्रथम भएकी छिन् ।

मंगलबार मुक्तक मञ्च मकवानपुरको आयोजना तथा हेटौंडा उपमहानगरको प्रवर्द्धनमा भएको प्रतियोगितामा स्वरुपा प्रथम भएकी हुन् । प्रतियोगितामा हेटौंडा-५ स्थित जीएस निकेतनकी नित्यश्री अधिकारी द्वितीय र हेटौंडा-१ स्थित अमर माध्यमिक विद्यालयकी रोशिका भट्टराई तृतीय स्थान हासिल गर्न सफल भइन् ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमश: ४ हजार, ३ हजार र २ हजार रुपैयाँ नगदसहित प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगितामा सान्त्वना स्थान हासिल गर्न सफल हेटौंडा-१० स्थित तुलसीमेहर मेमोरियल स्कूलकी अनुसुया खनाल र अमर माध्यमिक विद्यालयकी समृद्धि बर्तौलाले १/१ हजार रुपैयाँ प्रोत्साहन पुरस्कार र प्रमाणपत्र प्राप्त गरिन् ।

प्रतियोगितामा सहभागी विद्यार्थीले 'असल समाज निर्माणमा विद्यार्थीको दायित्व एवम् जिम्मेवारी' विषयमा आधारित रहेर मुक्तक तयार पारेका थिए । मुक्तक मञ्चको ३४ औं मुक्तकवाचन श्रृंखलाअन्तर्गत मुक्तक प्रतियोगिता आयोजना गरिएको हो । मुक्तक मञ्च मकवानपुरका अध्यक्ष सागर तिमल्सिनाको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-१ का वडाध्यक्ष सबिन न्यौपानेको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रमका अमर माविकी प्रधानाध्यापक मालती उप्रेती, विद्यालय व्यवस्थापन समिति अध्यक्ष जानुका गिरी, मुक्तक मञ्च मकवानपुरका सल्लाहकार एवम् संस्थापक अध्यक्ष डिबी बर्तौला, सल्लाहकार दीपक गौतमलगायतको उपस्थिति थियो ।

# पाथीभरा मन्दिर जाने बाटोमा वृक्षरोपण

साझाकुरा संवाददाता

हेटौंडा, १९ जेठ/विश्व वातावरण दिवस २०८३ को सप्ताहव्यापी कार्यक्रमअन्तर्गत् हेटौंडा उपमहानगरपालिका-१ स्थित पाथीभरा मन्दिर जाने बाटोमा वृक्षरोपण भएको छ ।

हेटौंडा उपमहानगर पालिकाको सहयोग तथा टोल विकास संस्था नगरसमन्वय समिति, हेटौंडाको आयोजनामा सम्पन्न कार्यक्रममा विभिन्न जातका १०० भन्दा बढी फूलका बिरुवा रोपिएको छ । हेटौंडा उपमहानगरप्रमुख मीना लामाको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा वडाअध्यक्ष फुर्वादोर्जे लामा र जुना दाहाल, वातावरण महाशाखाप्रमुख सत्यदेवी अधिकारी, वातावरण इन्जिनियर चन्दा खड्का, वातावरण शाखाप्रमुख हिमप्रसाद पौडेल तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधि, स्थानीय बासिन्दा र सामाजिक अभियन्ताको सहभागिता रहेको थियो ।

कार्यक्रममा नगरप्रमुख लामाले वृक्षरोपण केवल बिरुवा रोप्ने कार्यमात्र नभई भावी पुस्तालाई स्वच्छ वातावरण हस्तान्तरण गर्ने महत्वपूर्ण अभियान भएको बताइन् । उनले रोपिएका बिरुवाको संरक्षणमा स्थानीय समुदाय, मन्दिर व्यवस्थापन समिति तथा टोल विकास संस्थाले विशेष जिम्मेवारी लिनुपर्नेमा जोड दिइन् । कार्यक्रमका अध्यक्ष तथा टोल विकास संस्था नगरसमन्वय समितिका अध्यक्ष ध्रुवप्रसाद अधिकारीले वातावरण दिवसलाई औपचारिकतामा सीमित नराखी व्यवहारिक संरक्षणका गतिविधि सञ्चालन गरिएको बताए ।

उनले गतवर्ष रोपिएका बिरुवा समुदायको संरक्षणका कारण राम्रो अवस्थामा रहेको उल्लेख गर्दै यसवर्ष थप क्षेत्रमा वृक्षरोपण गरिएको जानकारी दिए ।

## माइग्रेसन हराएको सूचना


मेरो निम्न व्यहोराको उच्च माध्यमिक शिक्षा परिषद्द्वारा प्रदान गरिएको तपशिलबमोजिम व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट मिति २०८३ जेठ १२ गते हेटौंडा बजारबाट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरी बुझाइदिनु हुन अनुरोध गरिन्छ ।

**तपशिल:**

| | |
|---|---|
| नाम | : विवेक कुमार रोकाय |
| ठेगाना | : हेटौंडा-९, मकवानपुर |
| रजिष्ट्रेशन नम्बर | : ६८३१०३१२७ |
| क्याम्पस | : हेटौंडा स्कूल अफ म्यानेजमेन्ट, हेटौंडा, मकवानपुर |
| सिम्बोल नम्बर | : २३१०१०६५ |
| वर्ष | : २०६९ |
| सम्पर्क नम्बर | : ९८२६२३६३१३ |

भूटनदेवी माध्यमिक विद्यालय
हेटौंडा-४, मकवानपुर
कक्षा ११ मा नयाँ भर्ना
खुल्यो ! खुल्यो ! खुल्यो !
"इतिहासमा गौरव बोकेको, गुणस्तरीय शिक्षाको विश्वासिलो नाम भूटनदेवी माध्यमिक विद्यालयमा कक्षा ११ को नयाँ भर्ना खुलिसकेको छ ।"
अब आफ्नो उज्वल भविष्यको सुरुवात गर्नुहोस् अनुभवी शिक्षक, आधुनिक शिक्षण प्रणाली र अनुशासित शैक्षिक वातावरणसहित ।
• विज्ञान विषय (Science)
• व्यवस्थापन विषय (Management / Commerce)
• होटल म्यानेजमेन्ट विषय (Hotel Management)
• सिभिल इन्जिनियरिङ विषय (Civil Engineering)
• शिक्षा विषय र कम्प्युटर विषयमा भर्ना खुलेको सहर्ष जानकारी गराउदछौं ।
शैक्षिक उत्कृष्टताको लामो इतिहास बोकेको हाम्रो विद्यालय अहिले ISO Certification प्रक्रियामा अगसर हुँदै अरू गुणस्तरीय र अन्तर्राष्ट्रिय स्तरको शिक्षातर्फ उन्मुख छ ।
हाम्रा विशेषताहरु :
- दक्ष तथा अनुभवी शिक्षक
- व्यवस्थित कक्षा कोठा
- आधुनिक प्रयोगशाला
- प्रविधिमैत्री शिक्षण
- उत्कृष्ट नतिजा
- GPA अनुसार पूर्ण छात्रवृत्तिको व्यवस्था भएको
- पर्याप्त खेल मैदान
"आजको सही निर्णय, भोलिको सफल भविष्य ।"
• तपाईको सपना र सफलताको यात्रामा
भूटनदेवी माध्यमिक विद्यालय - सधैं एक कदम अगाडि ।
आजै आफ्नो सिट सुरक्षित गर्नुहोस् ।
थप जानकारी तथा भर्नाका लागि विद्यालय प्रशासनमा सम्पर्क गर्नुहोस् ।
सम्पर्क नं. ०५७-५२०४२०
९८५५०७०५३५, ९८४५५५९५०८
भूटनदेवी माध्यमिक विद्यालय- शिक्षा, अनुशासन र सफलताको पहिचान ।

आकर्षक घडेरी बिक्रीमा
हेटौंडा वडा नं. १ स्वर्गलोक, हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)

"सफा ट्यांकी, स्वस्थ जिन्दगी"
तपाईको पानी ट्यांकी कत्तिको सुरक्षित छ ?
कहिले याद गर्नु भएको छ ? बाहिरबाट स्वस्थ र सफा देखिए पनि ट्यांकी भित्र धुलो, हिलो, लेउ र किटाणुको भण्डार भई दुषित त छैन ?
याद गर्नुहोस् है
हामीले दुषित पानीबाट ब्रस वा मुख धुने, नुहाउने, खाना पकाउने, पिउने जस्ता कार्यहरु गरिरहेका छौं भने, प्राय रोगहरु दुक्षित पानीका कारण स्वास्थ्यमा धेरै समस्य देखा पर्न सक्दछ ।
- डायरिया
- कालो झाडा
- टाइफाइट
- हेपाटाइटिस ए
- स्किन यन्फेक्सन,
साथै अन्य जलजन्य रोगहरु लाग्न सक्दछ ।



अब तपाईको घरदैलोमा सस्तो र भरपर्दा सफाई सेवा लिएर आएका छौं, अत्याधुनिक प्रविधि उपकरणबाट सफाई गर्छौं । अब ढिला नगरौं आजै आफ्नो ट्यांकी सफा गरी आफ्नो र परिवारको स्वास्थ्य जोगाउनुहोस् ।
छत/भूमिगत पानी ट्यांकी सफाई सेवा
थप जानकारीको लागि
इनर्जेटिक सर्भिसिज प्रा.लि.
९८२७२८३०३०, ९७६१७१९६९९, ९८५५०६७१११

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना